नेपाली

विभिन्न देशका बिदेशीहरुको लागि समाचार

Ota City Navigation

Vol.52 | 2025.10




# इभेन्ट "Ota Fureai Festa (ओता फुरेआइ फेस्ता) 2025" को आयोजना गरिनेछ!

**यो वर्ष पनि हेइवाजिमा वरपरका 3 कार्यक्रमस्थलहरूमा "Ota Fureai Festa (ओता फुरेआइ फेस्ता)" को आयोजना गरिनेछ!**
**ओता सहर भित्रका स्थानीय रेस्टुरेन्टहरूको स्टलहरूका साथै विभिन्न प्रकारका स्टेजहरू, मिकोसी परेड जस्ता ओता सहरको आकर्षण अनुभव गर्न सक्ने जीवन्त र रमाइलो इभेन्टहरूको आयोजन गरिनेछ!**

2025 साल नोभेम्बर 1 तारिख (शनि) र 2 तारिख (आइत)
दुबै दिन 10:00 am~4:00 pm, वर्षा भए तापनि आयोजना गरिनेछ।

फुरुसातो-नो-हामाबे एरिया (ओमोरी फुरुसातो-नो-हामाबे पार्क ओता सहर फुरुसातो-नो-हामाबे पार्क 1-1)
सूर्यको क्षेत्र (हेइवाजिमा पार्क ओता सहर हेइवाजिमा 4-2-2)
हरियाली क्षेत्र (हेइवा-नो-मोरी पार्क ओता सहर हेइवा-नो-मोरी पार्क 2-1)

प्रवेश निशुल्क

Ota Fureai Festa(ओता फुरेआइ फेस्ता) कार्यान्वयन समिति कार्यालय
सांस्कृतिक कला प्रवर्द्धन शाखा
☎ 03-5744-1226
Fax 03-5744-1539

···· कहिले ···· रकम ···· कति जना ···· कहाँ ···· आवेदन दिने तरिका ···· आवेदन दिने ठाउँ ···· सम्पर्क

प्रक्रिया

# विदेशी बालबालिकाहरूलाई ओता सहरद्वारा सञ्चालित प्राथमिक तथा निम्न माध्यमिक विद्यालयमा भर्नाको आवेदन

2026 साल अप्रिलमा ओता सहरद्वारा सञ्चालित प्राथमिक तथा निम्न माध्यमिक विद्यालयमा भर्ना गर्न चाहने विदेशी बालबालिकाहरूको लागि, विद्यालयमा भर्नाको आवेदन दिनुपर्नेछ।
दायरामा पर्ने व्यक्तिहरूलाई अक्टोबरको पहिलो हप्ता तिर विद्यालयमा भर्नाको जानकारी पठाउने योजना रहेको छ।

(दायरामा पर्ने व्यक्तिहरू)

2019 साल अप्रिल 2 तारिख~2020 साल अप्रिल 1 तारिखमा जन्मेका बालबालिकाहरू (प्राथमिक विद्यालयमा भर्ना हुनु अघिका बालबालिकाहरू)
2013 साल अप्रिल 2 तारिख~2014 साल अप्रिल 1 तारिखमा जन्मेर ओता सहरको प्राथमिक विद्यालयबाट स्नातक गर्ने अपेक्षा गरिएका बालबालिकाहरू (निम्न माध्यमिक विद्यालयमा भर्ना हुनु अघिका बालबालिकाहरू)

- म्याद 2025 साल अक्टोबर 17 तारिख (शुक्र)
- अभिभावकले आवेदन दिने ठाउँमा बसोबास कार्ड (रेजिडेन्स कार्ड) अथवा विशेष स्थायी बसोबासी (पिआर) प्रमाणपत्र लिएर गई आवश्यक प्रक्रिया गर्नुहोस्।
- शैक्षिक मामिला शाखा विद्यालय भर्ना तथा मार्गदर्शन कर्मचारी (ओता सहर कामाता 5-37-1 निस्सेइ आरोमा स्क्वायर 5F)
  ☎ 03-5744-1429
  Fax 03-5744-1536
  खुला समय: 8:30 am~5:00 pm
  (सोमबार~शुक्रबार मात्र)

सूचना

# कामाता प्राथमिक विद्यालय/कामाता निम्न माध्यमिक विद्यालय जापानी भाषा कक्षामा भर्नाबारे

ओता सहरले सहरद्वारा सञ्चालित प्राथमिक तथा निम्न माध्यमिक विद्यालयमा अध्ययन गर्ने जापानी भाषाको पर्याप्त क्षमता नभएका विदेशी बालबालिका, विद्यार्थी तथा विदेशबाट फर्किएका बालबालिका र विद्यार्थीहरूलाई जापानी भाषा तथा जापानको जीवनशैली सिकाउने उद्देश्यले एउटा प्राथमिक विद्यालय र एउटा निम्न माध्यमिक विद्यालयमा जापानी भाषाको कक्षा स्थापना गरेको छ। बालबालिका र विद्यार्थीहरूले अध्ययन गरिरहेको कक्षाबाट जापानी भाषाको कक्षामा गई अध्ययन गर्न सक्नेछन्। विस्तृत जानकारीको लागि ओता सहरको वेबसाइटमा हेर्नुहोस्।

- कामाता प्राथमिक विद्यालय
  (ओता सहर कामाता 1-30-1)
  कामाता निम्न माध्यमिक विद्यालय
  (ओता सहर कामाता 1-12-5)
- अध्ययन गरिरहेको विद्यालयको शिक्षकसँग जापानी भाषाको विशेष मार्गदर्शनबारे परामर्श गर्नुहोस्। अध्ययन गरिरहेको विद्यालयमा जापानी भाषा कक्षाको लागि आवेदन दिनुहोस्।
- शैक्षिक मामिला शाखा, विद्यालय भर्ना तथा मार्गदर्शन कर्मचारी
  ☎ 03-5744-1429
  Fax 03-5744-1536

सूचना

# उच्च शिक्षाको लागि उच्च माध्यमिक विद्यालय आदिमा भर्ना हुनुहुने व्यक्तिहरूको लागि अनुदान ढाँचाको छात्रवृत्ति प्रणालीको जानकारी

ओता सहरले कर छुट परिवारहरू मध्येका एक निश्चित स्तरको नतिजा मापदण्ड पूरा गरेका व्यक्तिहरूको लागि अनुदान ढाँचाको छात्रवृत्तिको आवेदन खुला गर्नेछ।

*सर्त तथा छनोट मापदण्डको लागि सोधपुछ गर्नुहोस्।

अनुदान रकम 80,000 येन

- 2025 साल नोभेम्बरको पहिलो हप्ता~जनवरीको पहिलो हप्ता तिर
- 50 जना
- आवश्यक कागजात आवेदन दिने ठाउँमा लिएर जानुहोस् वा हुलाक मार्फत पठाउनुहोस्
- कल्याण व्यवस्थापन शाखा सार्वजनिक सहायता कर्मचारी (सहर कार्यालय मुख्य भवन 8F नं 24)
  〒144-8621
  ओता सहर कामाता 5-13-14
  ☎ 03-5744-1245
  Fax 03-5744-1520

# सूचना निवासी कर भुक्तानीबारे

चरण 3 को विशेष सहर निवासी कर, जिल्ला निवासी कर (निवासी कर) र वन तथा वातावरण करको भुक्तानीको म्याद 2025 साल अक्टोबर 31 तारिख (शुक्र) हो। म्यादसम्ममा भुक्तानी गर्नुहोस्।
विस्तृत जानकारीको लागि ओता सहरको वेबसाइट हेर्नुहोस्।

सम्पर्क स्थानको लागि तपाईंले प्राप्त गर्नुभएको सूचना हेर्नुहोस्।

☎ कर भुक्तानी शाखा

| | |
|---|---|
| ओमोरी क्षेत्र | 03-5744-1200 |
| च्योफु क्षेत्र | 03-5744-1201 |
| कामाता क्षेत्र | 03-5744-1202 |
| ओता सहर बाहिर | 03-5744-1203 |

Fax 03-5744-1517



©Ota City

# इभेन्ट विशेष प्रदर्शनी स्योउतेइ ताकाहासी ×हासुइ कावासे जापानको सीप र सौन्दर्य

यो प्रदर्शनीमा 2025 सालमा निधनको 80 वर्ष हुने स्योउतेइ ताकाहासीका प्राकृतिक दृश्यचित्रहरू र लामो समय ओता सहरमा बसोबास गरेका चित्रकार हासुइ कावासेका प्राकृतिक दृश्यचित्रहरू प्रदर्शित गरिनेछ।

2025 साल अक्टोबर 7 तारिख (मंगल)~नोभेम्बर 24 तारिख (सोमबार, सार्वजनिक बिदाको दिन)
सोमबार भवन बन्द हुनेछ (सार्वजनिक बिदाको दिन भएमा खुला रहनेछ)
【विदेशीको लागि गाइड टुर】
नोभेम्बर 9 तारिख (आइत) 2:00 pm

लोक संग्रहालय
ओता सहर मिनामी-मागोमे 5-11-13

निशुल्क

लोक संग्रहालय
☎ 03-3777-1070 Fax 03-3777-1283



# इभेन्ट आर्थिक वर्ष 2025 साल "सोबान नेन्बुचु" को सार्वजनिक प्रदर्शनी

"सोबान नेन्बुचु" भनेको सोबान बजाउँदै बुद्धको नाम जप्ने अभ्यास हो र यसलाई इनजेइ नेन्बुचु भनेर भनिन्छ। यो 1991 सालमा टोक्योको 23 सहरहरू भित्रबाट एकमात्र "टोक्यो महानगरपालिका अमूर्त लोक सांस्कृतिक सम्पदा (आनीबानी तथा प्रचलन)" को रूपमा तोकिएको ओता सहरको परम्परागत संस्कृति हो। यो सांस्कृतिक सम्पदालाई जोगाउनको लागि हरेक वर्ष टोक्यो सांस्कृतिक सम्पदा सप्ताहसँगै "सोबान नेन्बुचु" को विशेष सार्वजनिक प्रदर्शनी गरिन्छ।

2025 साल नोभेम्बर 9 तारिख (आइत)
2:00 pm~4:00 pm (कार्यक्रमस्थल खोल्ने समय 1:30 pm)

इमाइजुमी एन्मेइजी (ओता सहर यागुची 2-26-17)

निशुल्क

पहिले नाम लेखाउने 50 जना।

सम्पर्कस्थानमा फोनद्वारा आवेदन

कार्यालय यागुची विशेष उपशाखा कार्यालय
☎ 03-3759-4686 Fax 03-3759-1492

## इभेन्ट टोक्यो मेगा इल्युमिनेसन ओता कुमिन वीक सम्बन्धी सूचना

**अवधि भित्र कुपन वितरण गरिनेछ र सप्ताहन्तमा ओता सहरसँग सम्बन्धित संगठनहरूद्वारा इभेन्ट, वर्कसप आदिको आयोजन गरिनेछ।**

- 2025 साल डिसेम्बर 6 तारिख (शनि)~12 तारिख (शुक्र) 4:30 pm~9:00 pm
- ओइ रेसकोर्स (टोक्यो महानगरपालिका सिनागावा सहर काचुसिमा 2-1-2)
- मिति तोकिएको टिकट
  वयस्क 800 येन~ बालबालिका 400 येन~
  सोही दिनको टिकट  वयस्क 1,000 येन~
  बालबालिका 500 येन~
  *शुल्क परिवर्तन हुन सक्छ। विस्तृत जानकारीको लागि आधिकारिक वेबसाइट हेरी निश्चय गर्नुहोस्।
- आधिकारिक वेबसाइटमा हेरी निश्चय गर्नुहोस्।
- टोक्योतोकेइबा कम्पनी लिमिटेड
  ☎ 03-3763-8702
  Email：contact@tokyomegaillumi.jp



## इभेन्ट बाह्रौं इचुचुनोवा फुरेआइ माचुरी

**यो ओमोरी हिगासी क्षेत्रको टोल समिति महासंघद्वारा आयोजित र सञ्चालन गरिने स्थानीय माचुरी हो। बुथहरूमा ससेज, ओसिरुको आदिको बिक्री र बालबालिका कर्नरमा ड्रोन सञ्चालनको अनुभव, मिनी ट्रेन राइडको अनुभव आदिको व्यवस्था गरिनेछ। यसबाहेक टोक्यो मोनोरेल जस्ता कम्पनीहरूको बुथहरूका साथै स्वास्थ्य परामर्श कर्नर आदि पनि राखिने योजना रहेको छ। बच्चादेखि वृद्धवृद्धासम्म सबैले मज्जा लिन सक्ने गतिविधिहरू तयार गरिएको छ।**

- 2025 साल अक्टोबर 19 तारिख (आइत) 10:00 am~3:00 pm
  (हल्का वर्षा भए तापनि आयोजना गरिनेछ।)
- ・ओमोरी हिगासी विशेष उपशाखा कार्यालय
  (ओता सहर ओमोरी मिनामी 4-9-1)
  ・मोरिगासाकी कोचु पार्क (ओता सहर ओमोरी मिनामी 4-9-3)
  ・मोरिगासाकी ज्योकुकाएन सिबाफु पार्क
  (ओता सहर ओमोरी मिनामी 4-6-12)
  ・ओमोरी मिनामी 4 च्योमे कोउज्यो आपार्टमेन्ट
  (टेकुनो FRONT मोरिगासाकी) (ओता सहर ओमोरी मिनामी 4-6-15)
- प्रवेश निशुल्क
- आवश्यक छैन।
- ओमोरी हिगासी विशेष उपशाखा कार्यालय
  ☎ 03-3741-8801  Fax 03-3741-8552
  Email：omorih@city.ota.tokyo.jp

## सूचना 2025 साल  राष्ट्रिय जनगणना गरियो।

**अक्टोबर 1 तारिखलाई आधार मितिको रूपमा लिएर उमेर वा राष्ट्रियताको प्रवाह नगरी जापानमा बसोबास गर्ने सबै व्यक्तिहरूलाई लक्षित गरी देशभर एकैसाथ राष्ट्रिय जनगणना सञ्चालन गरियो।
जवाफ दिएर सहयोग गर्नुभएकोमा तपाईंहरू सबैलाई धन्यवाद।**

- पारिवारिक निवासी दर्ता शाखा
  तथ्याङ्क सर्वेक्षण कर्मचारी
  ☎ 03-5744-1186
  Fax 03-5744-1528
  Email：toukei@city.ota.tokyo.jp

हामीले यो जानकारीपत्र 1 वर्षमा 8 पटक प्रकाशन गरिरहेका छौं। यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता ओता सहरका सुविधाहरू र JR कामाता, ओमोरी, केइक्यु जोसिकी जस्ता सहर भित्रका स्टेसनहरूमा वितरण गरिन्छ।

प्रकाशन  ओता सहर, स्थानीय गतिविधि प्रवर्द्धन शाखा
सहरवासी-प्रशासन सहकार्य, बहुसांस्कृतिक सहजीवन कर्मचारी
ठेगाना  〒144-0052 ओता सहर कामाता 4-16-8 2F
ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) भित्र
☎ 03-5744-1227  Fax 03-5744-1323

▼ विदेशी नागरिकहरूको लागि जानकारी (131 भाषाहरूमा उपलब्ध छ)

▼ बहुभाषी परामर्श काउन्टर

ब्याक नम्बर हेर्न सकिन्छ। ▶